# संघीय संसद
# प्रतिनिधि सभा

चौथो अधिवेशन

**बैठक संख्या - ४१**

**सूचनापत्र - २**

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल साउन १५ गते बुधबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै प्रमुख प्रतिपक्षी नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० सदस्यहरुलाई आशन ग्रहण गर्न अनुरोध गर्नुहुँदै बैठकको कारवाही अगाडि बढाउन लाग्नुभएपछि नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आई विभिन्न किसिमका नाराहरु लगाउन शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुलाई संसदीय सर्वोच्चता कायम गर्न अवरोध हट्नुपर्छ, सदनमा अवरोधको कारण जनताका विविध समसामयिक विषयहरु प्रस्तुत हुन नपाएको, छलफलबाटै समस्याको समाधान निकाल्नुपर्दछ भन्नुहुँदै मा० सदस्यहरुलाई बारम्बार आ-आफ्नो आशन ग्रहण गर्न आग्रह गर्नुहुँदा पनि नारा लगाउने क्रम नरोकिएपछि उहाँले जनताका समस्याहरु सरकारसम्म पुऱ्याउन र छलफल गर्न सदन सुचारु हुनुपर्छ, यसको विकल्प छैन । यसतर्फ विचार पुऱ्याउँदै आगामी बैठक सुचारु गर्न सहयोग गरी संसदीय सर्वोच्चता कायम राख्नु हुनेछ भन्ने कुरामा आफु विश्वस्त रहेको जानकारी गराउँदै बैठक २०७६ साल साउन १६ गते दिनको २:०० बजेसम्मको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक २०७६ साल साउन १६ गते बिहीबार दिनको २:०० बजे बस्नेगरी दिनको १२:२५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव